Press release-15 -025/027

### रसुवा र नुवाकोटमा एनआरएनएको राहत तथा मानवीय सहयोग अभियान सातौं दिन पनि जारी

रसुवा र नुवाकोटमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि गैरआवासीय नेपाली संघ (एनआरएनए) ले सञ्चालन गरिरहेको राहत तथा मानवीय सहयोग अभियान सातौं दिन पनि निरन्तर जारी रह्यो ।

**कूलर र डीप फ्रिज हस्तान्तरण**

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट विस्थापित हाल भई नागार्जुन नगरपालिका–२ काठमाडौँ स्थित पहिलो गुम्बा आश्रय लिइरहेका परिवार तथा बालबालिकाको दैनिक जीवन सहज बनाउन एनआरएनएको तर्फबाट ६ वटा कूलर र दुई थान डीप फ्रिज हस्तान्तरण गरिएको छ। कूलरले आश्रयस्थलमा बसिरहेका परिवार तथा बालबालिकालाई गर्मीबाट राहत पुऱ्याउने र डीप फ्रिजमार्फत खाद्यान्न तथा तरकारी सुरक्षित रूपमा भण्डारण गर्न सहयोग पुगोस् भन्ने अभिप्रायले उक्त सामग्री हस्तान्तरण गरिएको हो । एनआरएनएका अध्यक्ष डा हेम राज शर्माले गोसाइँकुण्ड गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष उर्केन छिरिङ तामाङलाई उक्त सामाग्री हस्तान्तरण गर्नुभएको हो ।यस्तै बाढी तथा डुबानबाट प्रभावित महिलाहरूको स्वास्थ्य तथा सरसफाइलाई ध्यानमा राख्दै १०० प्याकेट सेनेटरी प्याडसमेत हस्तान्तरण गरिएको छ ।

**नुवाकोटमा स्वास्थ्य शिविर**

एनआरएनएको आयोजना एवं नेपाल मेडिसिटी र ललितपुर महानगर अस्पतालको सहकार्यमा बाढी प्रभावित नुवाकोटको बाघटारमा सञ्चालन हुने स्वास्थ्य शिविरको सम्पूर्ण तयारी पूरा भएको छ। यसअघि हिजो एनआरएनएको सचिवालयमा बागमती प्रदेशका स्वास्थ्य मन्त्री गिरबहादुर तामाङसँग भएको छलफलपछि बागमती प्रदेश सरकारको समन्वयमा त्रिशुली प्रादेशिक अस्पतालमा हुन लागेको यस शिविरको नेतृत्व ग्लोबल स्वास्थ्य समितिकी सहसंयोजक प्रसुना कँडेल र एनआरएनए आईसीसी सदस्य डा. सञ्जीव सापकोटाले गर्नुहुनेछ । टोली बिहीबार भदौ १८ गते बिहान ८ बजे नुवाकोट प्रस्थान गर्दैछ।शिविरमा करिब २५० प्रभावित परिवारलाई लक्षित गरी नि:शुल्क स्वास्थ्य परीक्षण, परामर्श, औषधि वितरण, सरसफाइ सचेतनाका साथै विपद् व्यवस्थापन र प्राथमिक उपचार तालिम प्रदान गरिनेछ।

**स्थानीय प्रतिनिधिसँग संवाद**

विनाशकारी बाढी प्रभावित रसुवाको गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङ नुर्पु तामाङ, उत्तरगया गाउँपालिकाको अध्यक्ष माधवप्रसाद अर्याल र रसुवा जिल्लाको कालिका गाउँपालिका वडा नम्बर ४ (धुसेनी) का वडा अध्यक्ष खेसम तामाङसँग भेट गरी उनीहरूको वर्तमान अवस्था, समस्या तथा तत्काल आवश्यकताबारे जानकारी लिइएको छ। एनआरएनएको सचिवालयमा भएको भेटका क्रममा प्रभावित नागरिकलाई आवश्यक सहयोग कसरी पुऱ्याउन सकिन्छ भन्ने विषयमा समेत छलफल गरिएको थियो।

२०८३ भदौ १७ गते

गैरआवासीय नेपाली संघ सचिवालय

बालुवाटार,काठमान्डौ